# गण्डकी प्रदेश सभा
## दशौं अधिवेशन
## बैठक संख्या -२
## सूचनापत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८३ साल जेष्ठ १२ गते मङ्गलबार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको **११:४३** बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा माननीय कुसुम बुढा पुन, माननीय दमयन्ती रुचाल, माननीय दिपेन्द्र बहादुर थापा, माननीय देवका पहारी त्रिपाठी, माननीय प्रकाश बराल, माननीय पन्चराम गुरुङ, माननीय फणिन्द्र देवकोटा, माननीय वेद बहादुर गुरुङ, माननीय महेश भट्टराई, माननीय राजकुमारी भुजेल, माननीय विन्दु पौडेल, माननीय सिता कुमारी सुन्दास, माननीय सुधिर कुमार पौडेल र माननीय श्यामराजा महतले समसामयिक विषयमा आ–आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री जित बहादुर शेरचनले गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १४० बमोजिम आर्थिक वर्ष २०८३/०८४ को लागि "विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले आर्थिक मामिला मन्त्रीले पेस गर्नुभएको "विनियोजन विधेयक" का सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धी पुस्तिका माननीय सदस्यहरुको हाजिरी कक्षबाट उपलब्ध हुने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात माननीय सभामुखले "विनियोजन विधेयक" का सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा मिति २०८३ साल जेठ १३ गतेको बैठकमा छलफल हुने गरी समय निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनुभयो ।

तत्पश्चात माननीय सभामुखले सभाको अर्को बैठक मिति 2083 जेष्ठ 13 गते दिनको 11:30 बजे बस्ने गरि आजको बैठक दिनको १२:२८ बजे स्थगित गर्नुभयो।

......................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव